# झोलुङ्गे पुल मर्मत सम्भार

# निर्देशिका

# २०७१

**नेपाल सरकार**
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग
स्थानीय पुल शाखा

**वैशाख २०७१**

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय (मन्त्रीस्तरीय)को
मिति २०७१/१/९ मा भएको निर्णयानुसार
कार्यान्वयनको लागि स्वीकृत भएको

**झोलुङ्गे पुल मर्मत सम्भार निर्देशिका, २०७१**

## विषय सूचि पाना नं


| | | |
|---|---|---|
| **१.** | **पृष्ठभूमि** | **५** |
| **२.** | **उद्देश्य** | **६** |
| **३.** | **झोलुङ्गे पुल अभिलेख (रेकर्ड)** | **७** |
| *३.१* | *जिल्ला झोलुङ्गे पुल अभिलेख (रेकर्ड)* | *७* |
| *३.२* | *नेपाल झोलुङ्गे पुल अभिलेख (रेकर्ड)* | *७* |
| **४.** | **मर्मत सम्भार योजना तर्जुमा तथा बजेट बिनियोजन** | **७** |
| **५.** | **मर्मत सम्भार कार्य** | **८** |
| *५.१* | *नियमित मर्मत सम्भार कार्य* | *८* |
| *५.२* | *बृहत मर्मत सम्भार कार्य* | *९* |
| *५.३* | *पुनर्स्थापना तथा पुनर्निर्माण कार्य* | *१०* |
| **६** | **पुल मर्मत समिति** | **१०** |
| **७** | **पुल मर्मत समितिको बैठक** | **११** |
| **८.** | **पुल संरक्षकको छनौट** | **११** |
| **९.** | **नियमित मर्मत तालिम** | **११** |
| **१०.** | **मर्मत सम्भार कार्यको जिम्मेवारी** | **१२** |
| *१०.१* | *पुल संरक्षकको जिम्मेवारी* | *१२* |
| *१०.२* | *पुल मर्मत समितिको जिम्मेवारी* | *१३* |
| *१०.३* | *गा.वि.स./नगरपालिकाको जिम्मेवारी* | *१३* |
| *१०.४* | *जि.वि.स.को जिम्मेवारी* | *१५* |
| *१०.५* | *स्था.पू.वि. तथा कृ.स. विभागको जिम्मेवारी* | *१६* |
| **११.** | **अनुगमन** | **१७** |
| **१२** | **पुनरावलोकन** | **१७** |
| **१३.** | **यसै बमोजिम हुने** | **१७** |


**अनुसूची:**


*अनुसूची-१* : पुल संरक्षक नियुक्ति पत्र
*अनुसूची-२* : नियमित मर्मतका औजारहरूको सूची
*अनुसूची-३* : नियमित मर्मत कार्यको मासिक प्रगति विवरण

# १. पृष्ठभूमि

स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली २०५६ मा स्थानीय निकायहरूलाई स्व-शासनको माध्यमबाट स्थानीय पूर्वाधारहरूको विकासको लागि योजना तर्जुमा, कार्यान्वयन, संचालन तथा मर्मत सम्भारको जिम्मेवारी हस्तान्तरण गर्ने प्रावधान अनुसार स्थानीय निकायहरूलाई बढी क्रियाशील, जनमुखी र उत्तरदायी बनाउन स्थानीय पूर्वाधार विकास नीति, २०६१ कार्यान्वयन भई स्थानीय पूर्वाधार विकास सम्बन्धी कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन, संचालन तथा मर्मत सम्भारको जिम्मेवारी केन्द्रीय निकायहरूबाट स्थानीय निकायहरूमा हस्तान्तरण गरी कार्यान्वयन भई रहेको छ। झोलुङ्गे पुल निर्माणका प्रविधि, स्टैन्डर्ड, नर्म्स तथा स्पेशिफिकेसनमा एकरूपता ल्याउन र समान कार्यान्वयन प्रकृया अवलम्बन गर्न गराउनको लागि झोलुङ्गे पुल रणनीति, २०६२ लागू गरिएको छ। झोलुङ्गे पुल रणनीति, २०६२ ले स्थानीय जनतालाई नदी, खोला तथा खोल्सा तर्न एक घण्टा भन्दा बढीको फेरो लगाउन नपर्ने गरी गुणस्तरयुक्त झोलुङ्गे पुलको निर्माण गरी निरन्तर आवत जावतको सुविधा उपलब्ध गराउने कार्यनीति अवलम्बन गरेको छ।

नेपालको ग्रामीण तथा दुर्गम क्षेत्रका बासिन्दाहरूको लागि वर्तमान समयमा समेत यातायातको भरपर्दो साधनको रूपमा झोलुङ्गे पुल ग्रामीण यातायातको मेरुदण्डको रूपमा रहेको छ। झोलुङ्गे पुल एउटा भौतिक संरचना हो। झोलुङ्गे पुलको निरन्तर प्रयोग हुने भएकोले यस संरचनालाई सुरक्षित राखी सर्वसाधारणलाई दीर्घ कालसम्म जोखिमरहित ढंगले सेवा उपलब्ध गराउनको लागि समयोचित रेखदेख तथा मर्मत सम्भार गर्नु अपरिहार्य हुन्छ। २०६९ आषाढ सम्ममा नेपालमा ५,००० भन्दा बढी झोलुङ्गे पुलको निर्माण भएको छ र सो निर्माणमा ठूलो रकम लगानी गरिएको छ। निर्मित झोलुङ्गे पुलको समयमा मर्मत नहुँदा पुल जिर्ण भई विगतमा दुर्घटना समेत भएको छ।

झोलुङ्गे पुल कार्यक्रम नेपाल सरकारको पहिलो प्राथमिकताको विकास आयोजनाको रूपमा संचालित राष्ट्रिय कार्यक्रम रहेको छ। झोलुङ्गे पुल निर्माण तथा मर्मतको लागि नेपाल सरकार, स्थानीय निकाय, समुदाय लगायत विभिन्न मित्र राष्ट्रहरू तथा दातृ संस्थाहरूको सहयोग निरन्तर रूपमा प्राप्त हुँदै आइरहेको छ। झोलुङ्गे पुल कार्यक्रमलाई क्षेत्रगत अवधारणा अनुसार कार्यान्वयन गर्नको लागि झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम निर्देशिका, २०६६ समेत लागू भई सकेको छ।

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ६८ (ग) मा झोलुङ्गे पुलको स्वामित्व सम्बन्धित गाँउ विकास समिति (गा.वि.स.)/नगरपालिका (न.पा.) को हुने तथा सोही ऐनको दफा २८ (ग) को २ अनुसार झोलुङ्गे पुलको नियमित मर्मत सम्भारको जिम्मेवारी सम्बन्धित गा.वि.स./न.पा.को भएको प्रावधान रहेको छ। झो.पु को निर्माण, बृहत मर्मत, पुनर्स्थापना तथा पुनर्निर्माणको जिम्मेवारी सम्बन्धित जिल्ला विकास समिति (जि.वि.स.) को रहेको छ। झोलुङ्गे पुल सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, संचालन तथा मर्मत सम्भारको जिम्मेवारी समेत स्थानीय निकायहरूलाई हस्तान्तरण भई सकेको छ।

झोलुङ्गे पुलको रेखदेख तथा मर्मत गर्न बाञ्छनीय भएकोले झोलुङ्गे पुल रणनीति, २०६२ तथा झोलुङ्गे पुल क्षेत्रगत निर्देशिका, २०६६ को अवधारणा अनुसार मर्मत तथा सम्भार कार्यलाई दिगो तथा प्रभावकारी ढंगले कार्यान्वयन गर्न गराउनको लागि यो झोलुङ्गे पुल मर्मत सम्भार निर्देशिका, २०७० तयार गरी लागू गरिएको छ।

झोलुङ्गे पुल मर्मत सम्भार कार्य कार्यान्वयन गर्नको लागि झोलुङ्गे पुल मर्मत दिग्दर्शन तथा हाते पुस्तिकाहरू (Trail Bridge Maintenance Manual and Handbook) समेत तयार तथा स्वीकृत भई सकेको छ। झोलुङ्गे पुल मर्मत दिग्दर्शन तथा हाते पुस्तिकाहरू यस निर्देशिकाको अभिन्न अंगको रूपमा रहेका छन् र सो को पालना गर्नु पर्नेछ।

## २. उद्देश्य

झोलुङ्गे पुलको मर्मत सम्भारका उद्देश्यहरू निम्नलिखित छन्।

क) झोलुङ्गे पुल जोखिमरहित अवस्थामा राखी सेवाग्राहीलाई नदी, खोला तथा खोल्सा तर्न सुरक्षित साधन उपलब्ध गराई दुर्घटना हुनबाट जोगाउनु तथा जीउधनको हानी नोक्सानी हुन नदिनु।

ख) झोलुङ्गे पुललाई ठीक दुरूस्त राखी लामो अवधि सम्म निरन्तर खोला वारपार गर्ने सेवा उपलब्ध गराउनु।

ग) झोलुङ्गे पुल निर्माणमा गरिएको लगानीलाई खेर जान नदिनु तथा सो को समुचित प्रतिफल सर्वसाधारणलाई उपलब्ध गराउनु।



## ३. झोलुङ्गे पुल अभिलेख (रेकर्ड)

### ३.१ जिल्ला झोलुङ्गे पुल अभिलेख (रेकर्ड)

जि.वि.स.ले आफ्नो जिल्लामा निर्मित सबै जिल्ला झोलुङ्गे पुलहरूको तोकिएको ढाँचामा अभिलेख तयार गरी राख्नु पर्नेछ। जि.वि.स.ले जिल्ला झोलुङ्गे पुल अभिलेखमा पुलको अवस्था खुलाउने छ तथा सो अभिलेख अद्यावधिक गरी राख्नेछ। जि.वि.स.ले प्रत्येक ५ वर्षमा जिल्लामा भएका सम्पूर्ण झोलुङ्गे पुलहरूको प्राविधिकद्वारा स्थलगत निरीक्षण गर्न लगाई पुलको अवस्थाबारे अध्ययन (Bridge Condition Investigation - BCI) गराउनेछ। जि.वि.स.ले अद्यावधिक गरिएको झोलुङ्गे पुल अभिलेखको आधारमा झोलुङ्गे पुल मर्मत सम्भारको योजना तर्जुमा गर्नेछ। जि.वि.स.ले अद्यावधिक गरिएको झोलुङ्गे पुल अभिलेख प्रत्येक आर्थिक वर्षको अन्त्यमा स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग (स्था.पू.वि. तथा कृ.स. विभाग) मा पठाउनेछ।

### ३.२ नेपाल जिल्ला झोलुङ्गे पुल अभिलेख (रेकर्ड)

स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभागले प्रत्येक आर्थिक वर्षको अन्त्यमा जि.वि.स.हरूबाट अद्यावधिक गरिएको जिल्ला झोलुङ्गे पुल अभिलेख संकलन गर्नेछ तथा सो अभिलेखहरू एकीकृत गरी नेपाल झोलुङ्गे पुल अभिलेख तयार गर्नेछ। स्था. पू. वि. तथा कृ.स. विभागले माघ मसान्त भित्र नेपाल झोलुङ्गे पुल अभिलेख एकीकृत गर्नेछ तथा अद्यावधिक गरिएको नेपाल झोलुङ्गे पुल अभिलेख प्रत्येक ३ वर्षको समयान्तरमा प्रकाशित गर्नेछ।

## ४. मर्मत सम्भार योजना तर्जुमा तथा बजेट बिनियोजन

जि.वि.स.ले अद्यावधिक गरेको जिल्ला झोलुङ्गे पुल अभिलेखको आधारमा योजना तर्जुमा गर्ने तथा बजेट प्रस्तावित गर्नेछ।

स्था. पू. वि. तथा कृ. स. विभागले अद्यावधिक गरिएको झोलुङ्गे पुल अभिलेखको आधारमा मर्मत सम्भार कार्यको लागि जिल्लालाई बजेट बिनियोजन गर्नेछ।

जि.वि.स.ले केन्द्रबाट नियमित मर्मतको लागि प्राप्त अनुदान गा.वि.स./न.पा.लाई उपलब्ध गराउने छ। गा.वि.स./न.पा.ले नियमित मर्मतको लागि र जि.वि.स.ले बृहत मर्मत तथा पुनर्स्थापना/पुनर्निर्माणको लागि आ-आफ्नो श्रोतबाट समेत

आवश्यकता अनुसार बजेट बिनियोजन गर्नेछ। झोलुङ्गे पुल क्षेत्रगत निर्देशिका, २०६६ को परिच्छेद-३ को २ मा उल्लेख गरिएको प्राथमिकताक्रम अनुसार मर्मत सम्भार योजनालाई उच्च प्राथमिकता दिई योजना तर्जुमा, बजेट बिनियोजन तथा कार्यान्वयन गर्नु गराउनु पर्नेछ।

# ५. मर्मत सम्भार कार्य

झोलुङ्गे पुलको अवस्थालाई ध्यानमा राखी झोलुङ्गे पुललाई सुरक्षित र जोखिमरहित अवस्थामा राख्नको लागि मर्मत सम्भार सम्बन्धी कार्यहरू गर्नु पर्ने हुन्छ। मर्मत सम्भार सम्बन्धी कार्यको प्रकृति अनुसार मर्मत सम्भार कार्यहरूलाई तीन वर्गमा विभाजित गरिएको छ।

## ५.१ नियमित मर्मत सम्भार कार्य

प्राविधिक दृष्टिकोणले झोलुङ्गे पुलमा कुनै त्रुटी वा खराबी नदेखिए तापनि लामो समयसम्म निरन्तर सेवा योग्य अवस्थामा राख्नको लागि सामान्य मर्मत सम्भारका कार्यहरू नियमितरूपले गर्न आवश्यक हुन्छ र यस्ता कार्यलाई नियमित मर्मत सम्भार कार्य भनिन्छ। देहायका कार्यहरू नियमित मर्मत सम्भार कार्यमा पर्दछन्।

- लट्ठा अड्काउने/कस्ने ठाउँहरू (Anchorage Terminals), पानी निकास हुने नाला/कुलो, पुलको जगको वरिपरि, पुलको प्रवेशद्वार मुनि र वरिपरिको माटो वा अन्य फोहोर, झारपात, बोट बिरूवा आदि हटाई सफा गर्ने काम।
- पुलको फलामे पार्ट पुर्जा छुने गरी उम्रेका रूखका हांगाहरू, बोट बिरूवा, झारपात आदि काटने/हटाउने काम।
- पुलको फलामका पार्ट पुर्जा तथा लट्ठाहरूलाई माटो/वा पानीको सम्पर्कबाट जोगाउने काम।
- खुकुलो भएको तारजाली, नट बोल्ट, लट्ठा कस्ने बुल्डगग्रिप्स (Bulldog Grips) आदिलाई पुनः कसकास गर्ने वा जडान गर्ने काम।
- खुकुलो भै फुस्कने संभावना भएका लट्ठाका टुप्पाहरू तारले बाँध्ने काम।
- खुकुलो भएका काठका फल्याकहरूमा कीला काँटी ठोकी जडान गर्ने काम।



- सडेको, प्रयोग गर्न उचित नभएका काठका फल्याकहरू नयाँ फेर्ने काम।
- स्टिल डेक भएका पुलहरूमा खुकुलो भएका नट बोल्टहरू कसकास गर्ने काम।

## ५.२ बृहत मर्मत सम्भार कार्य

बृहत मर्मत सम्भार कार्य भन्नाले पुलको अवस्था अवलोकन गरी प्राविधिक दृष्टिकोणले पुलमा देखिन आएको खराबी र त्रुटीहरूलाई सुधार गरी पुललाई सुरक्षित, जोखिमरहित र दिगो उपयोगिताको लागि गरिने मर्मत सम्भार सम्बन्धी कार्यलाई जनाउँदछ। बृहत मर्मत सम्भार कार्य प्राविधिकद्वारा नै गराउनु पर्ने हुन्छ। देहायका कार्यहरू बृहत मर्मत सम्भार कार्यमा पर्दछन्।

- पुरानो झोलुङ्गे पुलहरू मध्ये मापदण्ड पुगेका पुलहरूको काठका सबै फल्याकहरू झिकी सो को ठाउँमा ग्याल्भनाइज गरिएका स्टिलका डेकहरू फेर्ने काम।
- पुरानो झोलुङ्गे पुलहरू मध्ये मापदण्ड पुगेका पुलहरूको काठका क्रसबिमका ठाउँमा ग्याल्भनाइज गरिएका स्टिलका बिमहरू फेर्ने काम।
- खुकुलो भएका सम्पूर्ण लट्ठाहरू पुनः तन्काउने काम।
- सस्पेण्डरहरूको मर्मत तथा नयाँ फेर्ने काम।
- विण्डगाई (पखेटे लट्ठा) को मर्मत काम।
- ग्याल्भनाइज नगरिएका सम्पूर्ण फलामे पार्ट पुर्जाहरूमा पुनः रङ्गरोगन गर्ने काम।
- ग्याल्भनाइज नगरिएका सम्पूर्ण बोल्टहरूको थ्रेडमा अलकत्रा लगाउने काम।
- जग वा जग वरिपरिका निर्माणमा देखिएका त्रुटीहरूको आवश्यक मर्मतको काम।
- नदी/खोलाको तटबन्धन (River Bank protection) तथा टेवा पर्खाल (Support Wall) सम्बन्धी काम।
- बिग्रिएको जाली फेर्ने काम।

## ५.३ पुनर्स्थापना तथा पुनर्निर्माण कार्य

झोलुङ्गे पुलमा गम्भीर क्षति र/वा खराबीहरू देखिन आएमा पुल अत्यन्त जोखिमपूर्ण हुन्छ र बृहत मर्मत गरी झोलुङ्गे पुललाई ठीक दुरूस्त अवस्थामा ल्याउन सम्भव र उपयुक्त नदेखिएमा त्यस्ता झोलुङ्गे पुलको पुनर्स्थापना/पुनर्निर्माण गर्नु पर्ने हुन्छ। देहायका कामहरू पुनर्स्थापना/पुनर्निर्माण कार्यमा पर्दछन्।

- पुलको टावरको मर्मत वा पुनर्निर्माण गर्ने काम।
- मुख्य लट्ठाको एन्कोरेजमा मर्मत वा पुनर्निर्माण गर्ने काम।
- मुख्य लट्ठाहरू फेर्ने वा मर्मत गर्ने काम।
- पुलको जग एन्कोरेज फाउण्डेशनहरू पुनर्निर्माण गर्ने काम।
- पुलको पुनर्स्थापना गर्न नसकिने अवस्था भएमा उक्त स्थानमा झोलुङ्गे पुलको पुनर्निर्माण गर्ने काम।

# ६. पुल मर्मत समिति

झोलुङ्गे पुलको निर्माण कार्य सम्पन्न भए पश्चात झोलुङ्गे पुलको उपभोक्ता समुदायले निर्धारित प्रकृया अनुसार झोलुङ्गे पुल मर्मत समितिको गठन गर्नेछन्। स्थानीय स्तरमा झोलुङ्गे पुलको रेखदेख, पुललाई सुरक्षित, जोखिमरहित तथा सेवायोग्य अवस्थामा राख्ने जिम्मेवारी पुल मर्मत समितिको हुनेछ। पुल मर्मत समितिले समुदाय र गा.वि.स./न.पा. तथा जि.वि.स.को बीचमा सम्पर्क निकायको रूपमा समेत काम गर्नेछ।

- पुल निर्माण गर्दा पुलकर्मीको रूपमा काम गरेकाहरू मध्येबाट कम्तिमा एक जना सदस्य।
- लाभान्वित दलित, जनजाति र अल्पसंख्यकको जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व।
- महिलाको कम्तिमा ४०% प्रतिनिधित्व।
- पुल मर्मत समितिका सदस्यको छनौट गर्दा पुल नजिकको बासिन्दालाई प्राथमिकता दिइनेछ।
- पुल संरक्षकको रूपमा छनौट भएका व्यक्ति पनि पुल मर्मत समितिको सदस्य हुनेछ।
- पुल मर्मत समितिको गठन भए पछि जि.वि.स.ले सो समितिलाई दर्ता गर्नेछ।



# ७. पुल मर्मत समितिको बैठक

पुल मर्मत समितिको बैठक वर्षमा कम्तिमा दुई पटक बस्नेछ। पुल मर्मत समितिको दुईवटा बैठकको फरक आठ महिना भन्दा बढी हुने छैन। पुल मर्मत समितिको बैठकमा नियमित मर्मत कार्यको लेखाजोखा, नियमित मर्मत कार्यको लागि श्रोत परिचालन, पुलको अवस्थाबारे गा.वि.स./न.पा. तथा जि.वि.स.मा रिपोर्टिङ्ग, अनुगमन आदि विषयमा छलफल गरिनेछ।

पुल मर्मत समितिको बैठकमा भएका निर्णयहरूको रेकर्ड राखिनेछ तथा सो को प्रतिलिपि पुल मर्मत समितिको अध्यक्षले गा.वि.स./न.पा. र जि.वि.स.मा पठाउनेछ।

# ८. पुल संरक्षकको छनौट

गा.वि.स./न.पा.ले जि.वि.स.को रोहबर तथा लाभान्वित समुदायको सहभागितामा पुल संरक्षकको छनौट गर्नेछ। पुल संरक्षकको नियुक्ति गा.वि.स.ले गर्नेछ। पुल संरक्षकको नियुक्ति पत्रको नमूना अनुसूची-१ मा दिइएकोछ। पुल संरक्षकको छनौट तल लेखिएको प्राथमिकताको आधारमा गरिनेछ।

- पुल नजिक बसोबास भएको व्यक्ति।
- दलित महिला, जनजाति महिला, अन्य जातका महिला।
- आर्थिकरूपले विपन्न, दलित, जानजाति।

# ९. नियमित मर्मत तालिम

प्रत्येक पुल संरक्षकले नियमित मर्मत सम्बन्धी तालिम अनिवार्य रूपले लिनु पर्नेछ। पुल संरक्षकलाई तालिम दिने/दिलाउने काम जि.वि.स.ले गर्नेछ। जि.वि.स.ले गा.वि.स./न.पा.हरूसंग समन्वय गरी पुल संरक्षक तथा पुल मर्मत समितिका सदस्यहरूको लागि तालिम आयोजना गर्नेछ।

जि.वि.स.ले नियमित मर्मत सम्बन्धी तालिम लिई सकेका पुल संरक्षक तथा पुल मर्मत समितिका सदस्यहरूको लागि पाँच वर्षमा एक पटक पुनर्ताजगि (Refresher) तालिमको आयोजना गर्नेछ।

## १०. मर्मत सम्भार कार्यको जिम्मेवारी

झोलुङ्गे पुल मर्मत सम्भार कार्य सम्बन्धी जिम्मेवारी तल उल्लेख भए अनुसार हुनेछ ।

### १०.१ पुल संरक्षकको जिम्मेवारी

- झोलुङ्गे पुल नियमित मर्मत सम्भार तालिम तथा पुनर्ताजगि तालिममा सहभागी हुने ।
- नियमित मर्मत सम्भारको लागि आवाश्यक औजार तथा सामग्री पुल मर्मत समिति मार्फत गा.वि.स./न.पा.बाट माग गरी प्राप्त गर्ने । औजारहहरूको विवरण अनुसूची-२ मा दिइएको छ ।
- दफा ५.१ मा उल्लेख गरिएका नियमित मर्मत सम्भार सम्बन्धी सम्पूर्ण कार्य गर्ने ।
- प्रत्येक महिना नियमित मर्मत सम्बन्धी गरिएका कामहरूको विवरण रजिष्टरमा उल्लेख गरी राख्ने ।
- प्रत्येक ४ महिनामा नियमित मर्मत कार्यको मासिक प्रगति विवरण पुल मर्मत समिति मार्फत गा.वि.स./न.पा. र जि.वि.स.मा पठाउने ।
- प्रत्येक ४ महिनामा पुलको अवस्था बारे पुल मर्मत समिति मार्फत गा.वि.स./न.पा. र जि.वि.स. लाई जानकारी गराउने ।
- नियमित मर्मत कार्यको मासिक प्रगति प्रतिवेदन तथा पुलको अवस्था बारे जानकारी गराउन अनुसूची-३ मा दिइएको फाराम भर्ने ।
- पहिरो, भुस्खलन, नदीको कटान आदि कारणबाट पुलको बनोट वा जगलाई असर पार्ने खालको अवस्था देखिएमा सकेसम्म छिटो सो को जानकारी पुल मर्मत समिति, गा.वि.स./न.पा. तथा जि.वि.स.लाई गराउने ।
- झोलुङ्गे पुलको अवस्था जीर्ण भई तर्न जोखिमपूर्ण भएमा सक्दो छिटो सो को जानकारी पुल मर्मत समिति, गा.वि.स./न.पा. र जि.बि.स. लाई गराउने ।
- पुलमा हिड्ने बटुवाहरूलाई अनावश्यक रूपमा पुल नहल्लाउन सल्लाह दिने र सो बारे जागरूक गराउने ।



### १०.२ पुल मर्मत समितिको जिम्मेवारी

- जि.वि.स.को रोहबर तथा समुदायको सहभागितामा गा.वि.स./न.पा.द्वारा पुल संरक्षकको नियुक्ति गराउने ।
- पुल संरक्षकलाई नियमित मर्मत तालिम तथा पुनर्ताजगि तालिम दिलाउन गा.वि.स./न.पा. र जि.वि.स.मा पहल गर्ने ।
- पुल मर्मत समितिको जिम्मामा रहेका औजारहरू पुल संरक्षकलाई उपलब्ध गराउने ।
- नियमित मर्मतको लागि अपुग औजारहरू गा.वि.स./न.पा. बाट उपलब्ध गराउन पहल गर्ने ।
- पुल संरक्षकबाट नियमित मर्मतका लागि माग गरिएका सामग्रीहरू गा.वि.स./न.पा. बाट उपलब्ध गराउन पहल गर्ने ।
- पुल संरक्षकले गरेका कामहरूको निरीक्षण तथा अनुगमन गर्ने ।
- पुल संरक्षकलाई नियमित मर्मत कार्य सम्बन्धी निर्देशन तथा सल्लाह दिने ।
- पुल जोखिमयुक्त देखिएमा गा.वि.स./न.पा. तथा जि.वि.स.लाई सक्दो छिटो जानकारी गराउने ।
- पुल मर्मत समितिलाई जि.वि.स.मा दर्ता गराउने ।
- पुल मर्मतको लागि श्रोत साधन जुटाउने तथा पुल मर्मत समितिको नाममा कोष खडा गरी राख्ने ।
- पुल मर्मत समितिको नाममा रहेको कोषको आय व्ययको हिसाब किताब राख्ने ।
- पुल मर्मत समितिको नाममा रहेको कोषको रकम पुल मर्मत कार्यको लागि मात्र प्रयोग गर्ने ।
- पुल संरक्षकको पारिश्रमिक गा.वि.स./न.पा. बाट भुक्तानी गराउन सिफारिश गर्ने ।

### १०.३ गा.वि.स. / नगरपालिकाको जिम्मेवारी

- पुल निर्माण सम्पन्न भएपछि जि.वि.स.को रोहवरमा पुल मर्मत समिति गठनमा सहयोग गर्ने ।

- जि.वि.स.मा पुल मर्मत समिति दर्ता गराउन सहयोग गर्ने ।
- पुल संरक्षक नियुक्त नभएको झो.पु.हरूको लागि जि.वि.स.को रोहवरमा समुदायसंग सहकार्य गरी पुल संरक्षक छनौटको निर्धारित प्रकृया अनुसार पुल संरक्षकको नियुक्ति गर्ने ।
- पुल संरक्षक तथा पुल मर्मत सिमितिका सदस्यहरूलाई नियमित मर्मत तालिम तथा पुनर्ताजगि तालिममा सहभागी गराउन जि.वि.स.मा पहल गर्ने ।
- पुल संरक्षकलाई नियमित मर्मत सम्भार कार्यको लागि आवश्यक औजार उपलब्ध गराउने ।
- झो.पु.को नियमित मर्मतको लागि केन्द्रबाट उपलब्ध गराइने अनुदान जि.वि.स. मार्फत प्राप्त गर्ने ।
- झो.पु.को नियमित मर्मतको लागि आवश्यक नगद तथा जिन्सी सामग्री पुल मर्मत समितिलाई उपलब्ध गराउने ।
- पुल संरक्षकले नियमित मर्मत सम्बन्धी सम्पादन गरेका मासिक कार्य प्रगति विवरण प्राप्त गर्ने तथा सो को एक प्रति जि.वि.स.मा पठाउने ।
- पुल मर्मत समितिसंग समन्वय गरी पुल संरक्षकले गरेका नियमित मर्मत सम्बन्धी कामहरूको निरीक्षण गर्ने तथा आवश्यक सल्लाह दिने ।
- पुल मर्मत समितिको सिफारिशमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको निर्देशानुसार जि.वि.स.ले निर्धारण गरे अनुसारको पारिश्रमिक केन्द्रबाट प्राप्त वा गा.वि.स. कोषबाट पुल संरक्षकलाई भुक्तानी दिने ।
- झोलुङ्गे पुलको मर्मत सम्भार सम्बन्धी स्थानीय स्तरमा जनचेतना मूलक कार्यक्रम गर्ने तथा सर्वसाधारणलाई सुसूचित गर्ने ।
- पुलको अवस्था बारे पुल मर्मत समिति मार्फत प्राप्त जानकारी जि.वि.स.मा पठाउने ।
- पुलको बृहत मर्मत गराउनु पर्ने भएमा सो को लागि जि.वि.स.मा पहल गर्ने ।
- पुल मर्मत समिति मार्फत प्राप्त हुन आएको पुल संरक्षको प्रतिवेदनमा पुलको अवस्था अध्ययन गरी पुल सुरक्षित र जोखिमरहित अवस्थामा राख्न आवश्यक कारवाही गर्ने ।
- नियमित मर्मत सम्बन्धी काम सन्तोषप्रद नभएमा पुल मर्मत समितिसंग छलफल गरी सुधारको लागि आवश्यक कारवाही गर्ने ।



- सर्वसाधारणको जानकारीको लागि पुल मर्मत समिति तथा जि.वि.स.संग समन्वय गरी प्रत्येक पुलमा पुलको अवस्थाबारे सूचना पाटी राख्ने ।
- नियमित मर्मत कार्य अत्यन्त राम्रोसंग सम्पादन गर्ने पुल संरक्षक/पुल मर्मत समितिलाई प्रोत्साहित गर्ने व्यवस्था मिलाउने ।

## १०.४ जि.वि.स.को जिम्मेवारी

- बुँदा ५.२ मा उल्लेख भए अनुसारको बृहत मर्मत कार्य गर्ने ।
- बुदा ५.३ मा उल्लेख भए अनुसार पुनर्स्थापना/पुनर्निर्माण कार्य गर्ने ।
- बृहत मर्मत, पुनर्स्थापना तथा पुनर्निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्ने ।
- प्रत्येक ५ वर्षमा कम्तिमा एक पटक पुलको स्थलगत निरीक्षण गर्न लगाई पुलको अवस्थाबारे अध्ययन (Bridge Condition Investigation) गराउने ।
- जिल्ला झोलुङ्गे पुल अभिलेख (रेकर्ड) प्रत्येक वर्षको अन्त्यमा पुलको अवस्था खुलाई अद्यावधिक गर्ने तथा अद्यावधिक गरिएको अभिलेख आर्थिक वर्षको अन्त्यमा स्था.पू.वि. तथा कृ.स. विभागमा पठाउने ।
- झोलुङ्गे पुलको अद्यावधिक अभिलेखमा उल्लेखित पुलको अवस्थाको आधारमा निर्धारित प्राथमिकता क्रममा झोलुङ्गे पुल मर्मत योजना तर्जुमा गर्ने तथा बजेट प्रस्तावित/बिनियोजन गर्ने ।
- झो.पु. मर्मत तथा पुनर्स्थापना/पुनर्निर्माणको लागि जि.वि.स.को श्रोतबाट आवश्यकता अनुसार बजेट बिनियोजन गर्ने ।
- पुल मर्मत समितिको गठन तथा पुल संरक्षकको छनौट प्रकृयामा सहभागी हुने ।
- नियमित मर्मतको लागि उपलब्ध हुने केन्द्रीय अनुदान गा.वि.स./न.पा.लाई उपलब्ध गराउने ।
- गठित पुल मर्मत समिति दर्ता गरी सो को लगत राख्ने ।
- पुल संरक्षकले सम्पादन गरेको नियमित मर्मत कार्यको मासिक प्रगति विवरण संकलन गर्ने ।
- पुलको अवस्था बारे प्राप्त प्रतिवेदन/जानकारी अध्ययन गर्ने तथा पुल सुरक्षित एवं जोखिमरहित अवस्थामा राख्न आवश्यक कारवाही गर्ने ।

- पुलको नियमित मर्मत कार्यको अनुगमन गर्ने ।
- पुलको अवस्था बारे बुझ्न नियमित रूपले अनुगमन गर्ने ।
- पुलको मर्मत कार्यको गुणस्तर सुनिश्चित गर्ने गराउने ।
- पुलको नियमित मर्मत सम्बन्धी कार्य संन्तोषप्रद नभएमा पुल मर्मत समिति तथा गा.वि.स. ⁄ न.पा.संग समन्वय गरी सुधारको लागि समुचित कारवाही गर्ने ।
- पुल संरक्षक तथा पुल मर्मत समितिका सदस्यहरूको लागि नियमित मर्मत तालिम तथा पुनर्ताजगि तालिम आयोजना गर्ने ।
- सर्वसाधारणलाई पुलको अवस्थाबारे सूचित गर्नको लागि पुलमा सूचना पाटी राख्ने ।
- पुललाई सुरक्षित तथा जोखिमरहित अवस्थामा राख्नको लागि सर्वसाधारणलाई सुसूचित गराउनको लागि जन चेनतामूलक कार्यक्रम आयोजना गर्ने ।

### १०.५ स्था.पू.वि. तथा कृ.स. विभागको जिम्मेवारी

- जि.वि.स.बाट आर्थिक वर्षको अन्त्यमा प्राप्त हुने अद्यावधिक जिल्ला झोलुङ्गे पुल अभिलेख⁄रेकर्डलाई एकीकृत गरी नेपाल झोलुङ्गे पुल अभिलेख⁄रेकर्ड तयार गर्ने तथा प्रत्येक ३ वर्षको समयान्तरमा नेपाल झोलुङ्गे पुल रेकर्डको प्रकाशन गर्ने ।
- निर्धारित प्राथमिकताक्रमको आधारमा मर्मत कार्यको लागि बजेट बिनियोजन गर्ने ।
- मर्मत कार्यको अनुगमन गर्ने ।
- मर्मत कार्यको गुणस्तर सुनिश्चित गराउने
- देशभरिका झोलुङ्गे पुल सुरक्षित तथा जोखिमरहित रहेको सुनिश्चित गर्ने ।
- जि.वि.स.ले प्रत्येक ५ वर्षमा कम्तिमा एक पटक पुलको अवस्था बारे अध्ययन (Bridge Condition Investigation) गरेको सुनिश्चित गर्ने ।



## ११. अनुगमन

गा.वि.स. ⁄ न.पा. अन्तर्गत रहेका झोलुङ्गे पुलहरूको अवस्था तथा नियमित मर्मत कार्यको अनुगमन सम्बन्धित गा.वि.स. ⁄ न.पा.ले प्रत्येक ४ महिनामा एक पटक स्थलगत निरीक्षण गर्नेछ तथा सो को प्रतिवेदन जि.वि.स.मा पठाउनेछ ।

जि.वि.स.ले कम्तिमा वर्षको एक पटक पुलको अवस्था तथा नियमित मर्मत कार्यको अवलोकन गर्नेछ ।

## १२. पुनरावलोकन

यस झोलुङ्गे पुल मर्मत सम्भार निर्देशिका, २०७१ को पुनरावलोकन प्रत्येक ५ वर्षमा गरिनेछ र आवश्यकता अनुसार संशोधन एवं परिमार्जन गरिनेछ ।

## १३. यसै बमोजिम हुने

यस निर्देशिका जारी हुनु अघि भएका काम यसै बमोजिम भएको मानिने छ । र अब उप्रान्त हुने काम अन्य परिपत्र, कार्यविधि वा पत्राचारमा जे भएता पनि यस बमोजिम गरेको मात्र मान्य हुनेछ ।

*अनुसूची-१*

पुल संरक्षकको फोटो जि.वि.स.को प्रयोजनको लागी

# पुल संरक्षक नियुक्ती पत्र

| पुलको | | लम्बाई र प्रकार | नदी/खोला | हिड्ने बाटोमा हाल काठको फल्याक वा स्टिल डेक भएको | गाँउ विकास समिति/ नगर पालिका | |
|---|---|---|---|---|---|---|
| नम्बर | नाम | | | | बाँया किनार | दाँया किनार |
| | | | | | | |

श्री ................................................. लाई माथि उल्लेखित पुल(हरू)को नियमित मर्मत संभार कार्य गर्नको लागि वार्षिक रू ................ (अक्षरेपी रू ........................ ..................................................) पारिश्रमिक पाउने गरी मिति ............... देखि उक्त पुल(हरू)को पुल संरक्षक नियुक्ती गरिएको छ। निजको काम कर्त्तव्य निम्न बमोजिम हुनेछन् ।

१. लट्ठाको अड्काउने/कस्ने ठाउं (Anchorage Terminals), पानी निकास हुने कुलो, टावरको जग वरिपरि, पुलको प्रवेश द्वार वरिपरि माटो वा त्यस प्रकारका फोहोर, झारपात, बोट बिरूवा आदि हटाई सफा गर्ने। पुलको भागहरूमा छुनेगरी उम्रेका रूखका हांगा, बोट बिरुवा, झारपात आदि पुलको कुनै पनि भागमा नछुने गरी काटने, हटाउने ।
२. फलामका पार्ट पुर्जाहरूलाई माटोको सम्पर्कमा आउनबाट जोगाउने ।
३. खुकुलो भएको तार जाली, नट बोल्ट, लट्ठा कस्ने बुल्डग ग्रिप्स (Bulldog Grips) आदिलाई पुनः कसकास गर्ने वा जडान गर्ने ।
४. खुकुलो भएका फल्याकहरूमा किला ठोकी जडान गर्ने। सडेको, प्रयोग गर्न उचित नभएका काठका फल्याकहरू (Wooden Planks) एवं किला ठोकिने काठ (Nailing Strips) नयाँ फेर्ने तथा स्टिल डेक (Steel Deck) भएका पुलहरूमा खुकुलो भएका नट बोल्टहरू कसकास गर्ने ।



५. खुकुलो भै फुस्कने संभावना भएका लट्ठाका टुप्पाहरू तारले बाँध्ने। जस्ता धातुको पालीस (ग्याल्भनाइज) नगरिएका बोल्टहरूका गुनाहरूमा तथा खिया लागेका फलामका भागहरूमा अलकत्रा लगाउने काम ।
६. स्थानीय व्यक्तिहरू तथा पुलमा हिड्ने बटुवाहरूलाई अनावश्यकरूपमा पुल हल्लाउन नदिने, नहल्लाउन सल्लाह दिने ।
७. पुलको आसपासमा बसोबास गरी बसेका मानिसहरूलाई पुलमा, पुलको वरिपरि, फलामे सामानहरूमा वा लट्ठाहरूमा पर्ने गरी जथाभावी फोहर गर्ने, पराल अथवा अन्य कृषिजन्य पैदावार फ्याक्ने, थुपार्ने जस्ता कार्यहरू गर्न नदिने, नगर्न सल्लाह दिने ।
८. पुलको जग (एन्कोरेज), पखेटे लट्ठाको जग (वीण्डगाई ब्लक) को माथि वा तल वा सो लाई छुने गरी, पुलको भऱ्यांग मुनि अथवा लट्ठाहरूलाई छुने गरी सो को माथि वा तल नयाँ घर, पसल, गोठ, भण्डार आदि ईत्यादी बनाउन नदिने। त्यस्तो ठाउँहरूमा घर, पसल, गोठ आदि बनी सकेको भए सो को जानकारी पुल मर्मत समिति तथा गा.वि.स. लाई दिने र घर धनीहरूलाई आ-आफनो घर, पसल, गोठ अन्त सार्न सम्झाउने, सल्लाह दिने, गा.वि.स./न.पा., जि.वि.स. तथा जि. प्रा का. मार्फत त्यस्ता ठाउँमा बनेका घर, पसल गोठ अन्त सार्न लगाउने ।
९. पुल सम्वन्धी ज्ञान तथा पुलको महत्वबारे प्रचार प्रसार गरी सर्वसाधारणमा पुल प्रति जागरूकता बढाउने ।
१०. गा.वि.स./न.पा. तथा जि.वि.स.संग सम्पर्क राखी पुलको नियमित मर्मतका लागि आवश्यक पर्ने निर्माण सामग्रीहरू (जस्तै सिमेण्ट, फल्याक, किला कांटी, नट बोल्ट, ग्याबियन तार ईत्यादी) निकासा गराई मर्मत संभारको काम गर्ने ।
११. कम्तीमा ६ महिनाको एक पटक पुलको अवस्था र मर्मत संभारको आवश्यकता बारे जि.वि.स. र गा.वि.स./न.पा. मा रिपोर्ट लेखी पठाउने ।
१२. पहिरो, भुस्खलन, नदीको कटान आदि ईत्यादी कारणबाट पुलको बनोट वा जगलाई नै असर पार्ने खालको अवस्था भएमा सकेसम्म छिटो साधनबाट तुरन्तै सो को जानकारी पु.म.स., गा.वि.स./न.पा., तथा जि.वि.स. मा पठाउने ।
**१३. पुल संरक्षकले कुनै पनि बेला कसैसंग पुल कर उठाउन पाउने छैन ।**
१४. पुल संरक्षकको पारिश्रमिक समय समयमा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय एवं जि.वि.स.ले तोके बमोजिम निश्चित गरिनेछ तथा तोके बमोजिम दिईनेछ। पारिश्रमिकको भुक्तानी सम्बन्धित गा.वि.स./न.पा.बाट मार्फत गरिनेछ ।

१५. पुल संरक्षकले आफ्नो कर्त्तव्य अनुसारको काम नगरेमा, गर्न असमर्थ भएमा अथवा नेपाल सरकारको नीति नियमानुसार अरूकुनै व्यवस्था हुनु गर्नु पर्ने अवस्थामा यो नियुक्ती कुनै पनि बेला खारेज गर्न सकिनेछ। पुल संरक्षकको नियुक्ती खारेज हुने अवस्थामा यो नियुक्त पत्र सम्बन्धित गा.वि.स./न.पा.लाई फिर्ता बुझाउनु पर्नेछ।

| **गा.वि.स./न.पा.को पदाधिकारी** | **जि.वि.स.को प्रतिनिधि** | **पुल मर्मत समितिको पदाधिकारी** | **पुल संरक्षक** |
|---|---|---|---|
| नामः<br>दस्तखतः<br>पदः सचिव<br>कार्यालयको छापः<br>मितिः | नामः<br>दस्तखतः<br>पदः<br>मितिः | नामः<br>दस्तखतः<br>पदः अध्यक्ष<br>मितिः | नामः<br>दस्तखतः<br>मितिः |

बोधार्थ :

१. स्था.पू.वि. तथा कृ.स. विभाग

२. जि.वि.स.को कार्यालय, ............................................... ।

३. गा.वि.स./न.पा., ..................................................... ।



*अनुसूची-२*

# नियमित मर्मतका औजारहरूको सूची

पुलको नामः ......................................................

नदीको नामः ......................................................

जिल्लाः दायाँ ....................... बायाँ ..............................

गा.वि.स./न.पा. दायाँ .................... वडा नं ........ बायाँ ......... वडा नं .........

| क्र.सं | सामानको नाम | परिमाण | कैफियत |
|---|---|---|---|
| १ | स्लाइड रेन्च | | |
| २ | गोल रेन्च (१८।२० मिमि) | | |
| ३ | पेन्चिस | | |
| ४ | तार ब्रुस | | |
| ५ | नाप्ने फिता | | |
| ६ | कर्नी | | |
| ७ | खुर्पा | | |
| ८ | कोदालो | | |
| ९ | बेल्चा | | |
| १० | रजिस्टर | | |
| | | | |
| | | | |

| पुल संरक्षक | पुल मर्मत समिति | गा.वि.स./न.पा. |
|---|---|---|
| नामः<br>पदः पुल संरक्षक<br>दस्तखतः<br>मितिः | नामः<br>पदः अध्यक्ष<br>दस्तखतः<br>मितिः | नामः<br>पदः सचिव<br>दस्तखतः<br>मितिः |

*अनुसूची-३*

# नियमित मर्मत कार्यको मासिक प्रगति विवरण

पुलको नाम : ........................................

खोलाको नाम : ........................................

जिल्ला : दायाँ.......................... बायाँ .................................

गा.वि.स. ⁄ न.पा. : दायाँ.................... वडा नं ....... बायाँ................वडा नं ......

यस फाराममा पुल संरक्षकले प्रत्येक महिना नियमित मर्मत सम्बन्धी सम्पादन गरेका काम लेखि राख्नु पर्नेछ तथा प्रत्येक ४ महिनामा पुल मर्मत समिति मार्फत गा.वि.स. ⁄ न.पा. र जि.वि.स.मा पठाउनु पर्नेछ । पुल संरक्षकद्वारा सम्पादन गरिएका कार्य प्रगतिको यो विवरण फाराम मंसिर, चैत्र तथा श्रावण १ गतेमा पुल संरक्षकले पुल मर्मत समितिलाई बुझाउनेछ तथा पुल मर्मत समितिले प्रगति विवरण प्राप्त गरेको २ दिन भित्र गा.वि.स. ⁄ न.पा. र जि.वि.स.मा पठाउनेछ ।

| आ.व. | महिना | सम्पन्न गरिएका नियमित मर्मत कार्य | पुलको अवस्था र पुलमा कुनै समस्या भए उल्लेख गर्ने |
|---|---|---|---|
| | श्रावण | | |
| | भाद्र | | |
| | असोज | | |
| | कार्तिक | | |
| | मंसिर | | |
| | पौष | | |
| | माघ | | |
| | फाल्गुण | | |
| | चैत्र | | |
| | बैशाख | | |
| | जेष्ठ | | |
| | आषाढ | | |

पुल संरक्षकको नामः........................................ दस्तखतः............................

गा.वि.स. ⁄ न.पा.: ........................................ वडा नं. ............................